नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

रोल्पा

फ्याक्स :०८६-४४०१३३
फोन :०८६४४०११०

प.सं.-०७७/०७८
च.नं. :-

मिति : २०७८।०३।२०

## रोल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी गरिएको आदेश

विश्वव्यापी रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ (कोरोना भाइरस) को कारण हाल यस जिल्लामा संक्रमितको संख्यामा अपेक्षित सुधार नआएकोले संक्रमणको जोखिम रोक्न (Chain Break) का लागि यस अघिका आदेशबाट मिति २०७८।०३।१२ गते आइतबार राति १२:०० बजे सम्मका लागि निषेधाज्ञा जारी गरिएकोमा कोभिड-१९ संङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा (४) र (५) तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।०३।२० गतेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को विस्तारित बैठकको निर्णय समेतका आधारमा मिति २०७८।०३।२० गते आइतबार राति १२:०० बजेदेखि मिति २०७८।०३।३१ गते विहिबार राति १२:०० बजेसम्मका लागि रोल्ला जिल्ला भर निषेधाज्ञा थप गरी तपसिल बमोजिमको आदेश जारी गरिएको छ ।

<u>तपसिलः-</u>

१. **सर्वसाधारणको लागि आवत जावत गर्ने सम्बन्धमाः-**

- सर्वसाधारण व्यक्तिहरु आवत जावतको लागि घरबाट बाहिर निस्किदा दुई व्यक्ति वीचमा २ मीटरको भौतिक दूरी कायम राख्ने । अनिवार्य रुपले मास्कको प्रयोग गर्ने । पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइजरको प्रयोग गर्ने ।

२. **संचालन गर्न नपाइने सेवा र कार्यहरु सम्बन्धमाः-**

- सबै प्रकारका सभा, सम्मेलन, दोहोरी नाचघर, क्लव, मनोरञ्जन स्थल, हेल्थक्लव, कवर्ड हल, फुटसल, जिमखाना, दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य कुनै पनि प्रकारका कार्यक्रमहरु सञ्चालन गर्न नपाइने ।
- स्कूल तथा शिक्षालयहरु भौतिक रुपमा उपस्थित भै संचालन गर्न नपाइने र अर्को सूचना नभए सम्मको लागि कुनै पनि परीक्षा संचालन नगर्ने तर Online Class संचालन गर्न कुनै बाधा पर्ने छैन ।
- मठमन्दिरहरुमा पुजारीले नित्य पुजा बाहेक अन्य सामुहिक पुजा तथा बलि बन्द गर्ने, कुनै मेला महोत्सव गर्न नपाइने ।

प्रमुख जिल्ला अधिकारी

३. सञ्चालन गर्न पाईने सेवा र कार्यहरु सम्बन्धमाः-

- स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्णरुपले पालना गर्ने गरी सम्पूर्ण पसलहरु विहान ६:०० बजेदेखि साँझ ०५:०० बजे सम्म मात्र खुल्ला गर्न सकिने ।
- स्वास्थ्य सामाग्री, औषधी पसल २४ सै घण्टा खुला राख्ने ।
- होटल एवं रेष्टुरेन्टहरुले स्वास्थ्य सुरक्षाका मापदण्डहरुको परिपालना गरी तयारी खाजा सेवाग्राहीले लिएर जाने (Takeaway) र घरसम्म पुऱ्याउने (Home Delivary) मात्र गर्ने गरी संचालन गर्न पाइने ।
- विवाह तथा ब्रतवन्धको हकमा बढीमा २५ जना सम्म स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्ने गरी आफ्नो घर वा बसेको स्थान अथवा पार्टी प्यालेसमा गर्न दिने ।

४. सवारी पास नलिकन चलाउन पाइने सवारी साधनहरु सम्बन्धमाः-

- अत्यावश्यक सेवाहरु जस्तैः- एम्बुलेन्स, खानेपानी, विद्युत, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दुध तथा दुग्धजन्य पदार्थ र सोको प्याकिङ सामाग्री, कुखुराको दाना, चल्ला र पशुपंछीजन्य पदार्थ (भेटनेरी सम्बन्धी), इन्धन, खाना पकाउने ग्यास, दुरसंचार, इन्टरनेट, क्वारेन्टिन, आइसोलेशन, फोहोरमैला व्यवस्थापन, सरसफाईमा प्रगोग गरिने साबुन/स्यानिटाइजर, कुरियर तथा हुलाक सेवा, बीउ बिजन एवं रासायनिक मल बोकेको साधनहरु, प्रिन्ट लगायतका कार्यमा प्रयोग हुने ढुवानी तथा यातायातका सवारी साधनहरु।
- स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधनहरु ।
- विवाह कार्यक्रममा दुलाहा दुलही सवार सवारी समेत बढीमा २५ जना जन्ती मात्र बोकेको सवारी साधन (अनिवार्य व्यानर राखी बढीमा २ वटा गाडी मात्र) आवत जावत गर्न दिने ।
- संचारकर्मी/ पत्रकारहरुको हकमा सूचना विभाग वा सम्बन्धित Media House ले जारी गरेको परिचय पत्रको आधारमा निजले प्रयोग गरेको सवारी साधनलाई आवत जावत गर्न दिने ।
- सार्वजनिक सेवा संचालन गर्ने सरकारी कार्यालयहरु, सार्वजनिक सेवा प्रदायक संस्था एवं बैक तथा वित्तिय संस्थाहरुको सवारी साधनहरु जिल्ला भित्र संचालन गर्न दिने ।
- निजी सवारी साधनहरुः मोटर साइकल/स्कुटी, कार, जिप र भ्यानमा स्वीकृत सिट क्षमता भन्दा बढी यात्रु नराख्ने गरी बिहान ६:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म जिल्ला भित्र संचालन गर्न दिने ।
- सार्वजनिक यातायातका सम्पूर्ण साधनहरु स्वास्थ्य मापदण्डको पूर्ण परिपालन गर्दै भौतिक दूरी कायम हुने गरी कुल स्वीकृत सिट क्षमता भन्दा बढी संख्यामा यात्रु नराख्ने गरी विहान ६:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म जिल्ला भित्र संचालन गर्न दिने ।

५. सवारी पास लिएर संचालन गर्न सक्ने सेवा र कार्यहरु सम्बन्धमाः-

- मृत्यु संस्कारका लागि जानु पर्ने वा फर्कनु पर्ने अवस्थामा सम्बन्धित वडाको सिफारिस, परिचय खुल्ने कागजातको प्रतिलिपी सहित जिल्ला प्रशासन कार्यालयमा अनुमतिको लागि इमेल मार्फत निवेदन पेश गर्ने र सवारी पासको आधारमा मात्र आवत जावत गर्न सहजीकरण गरिने ।
- परिवारका सदस्य वा आफन्त विरामी भई रोल्पा जिल्ला बाहिर जानु पर्ने अवस्थामा विरामीको रिपोर्ट तथा रिफरल कार्ड/भर्ना कार्ड, परिचय पत्र खुल्ने कागजातको प्रतिलिपी सहित जिल्ला प्रशासन

प्रमुख जिल्ला अधिकारी

कार्यालयमा अनुमतिको लागि इमेल मार्फत निवेदन पेश गर्ने र प्राप्त सवारी पासको आधारमा मात्र आवत जावत गर्न सहजीकरण गरिने ।

- सरकारी कार्यालय लगायत सार्वजनिक सेवा प्रदायक संस्थाका सवारी साधन जिल्ला बाहिर जाँदा अनिवार्य रुपमा जिल्ला प्रशासन कार्यालयबाट सवारी अनुमति लिनुपर्ने ।
- औद्योगिक कच्चा पदार्थ ओसार पसार गर्ने सवारी साधनहरुको हकमा सम्बन्धित उद्योग/निकायहरुको सिफारिसको आधारमा आवश्यकता र गाम्भिर्यता हेरी जिल्ला प्रशासन कार्यालयबाट सवारी अनुमति लिनु पर्ने
- सार्वजनिक निर्माण कार्यका सामाग्रीहरु ढुवानी गर्ने साधनहरु संचालन गर्दा निर्माण कार्य गर्न लगाउने आयोजना/कार्यालय/निकायले जारी गरिएको अनुमति पत्रको आधारमा यात्रु नराख्ने गरी चालक र सहचालक रहने गरि नियमित रुपमा संचालन गर्न दिने ।

६. **कार्यालय तथा बैंक संचालन सम्बन्धमाः-**

सार्वजनिक सेवा प्रवाह गर्ने तथा विकास निर्माणका कार्य गर्ने सबै सरकारी कार्यालयहरु एवं बैंक तथा वित्तिय संस्थाहरुबाट प्रवाह हुने सबै प्रकारका सेवाहरु स्वास्थ्य मापदण्डहरुको पालना हुने व्यवस्था मिलाई सबै प्रकारको सेवा प्रवाह नियमित संचालन गर्ने ।

७. सार्वजनिक निर्माण कार्यका लागि खटिने जनशक्तिलाई निर्माण स्थलमा नै खाने बस्ने प्रबन्ध गर्नुका साथै स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण पालना गर्ने गरी जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिई काम गर्न सकिने छ ।

८. यस जिल्ला भित्र अन्यत्र जिल्ला वा छिमेकी मुलुक भारत गई फर्कने व्यक्तिहरुले अनिवार्यरुपमा १० दिनसम्म स्थानीय तहले निर्माण गरेका आइसोलेसन सेन्टर/होमक्वारेन्टाइनमा बस्नु पर्ने । आइसोलेसन सेन्टर वा होमक्वारेन्टाइनमा उक्त व्यक्तिहरु बसे नबसेको अनुगमन सम्बन्धित स्थानीय तहको प्रमुखले गर्ने । त्यस्ता आइसोलेसन सेन्टर/होमक्वारेन्टाइनमा रहेका विरामीहरुको स्वास्थ्य अवस्थाबारे नियमित रुपमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) मा पठाउने ।

यस निषेधाज्ञाको बर्खिलाप गरेको पाईएमा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा २१ तथा स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ बमोजिम दण्ड जरिवाना हुने व्यहोरा समेत जानकारी गराईन्छ।

२०७८।३।२०

नवराज सापकोटा

प्रमुख जिल्ला अधिकारी

**प्रमुख जिल्ला अधिकारी**